# ताराखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ
## २०७३

प.सं.:०८२।०८३ गण्डकी प्रदेश, नेपाल

**कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीको लागि कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति:२०८२-०७-२३)**

ताराखोला गाउँपालिका, बागलुङको आ.व. २०८२-०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गर्न ईच्छुक ताराखोला गाउँपालिका भित्रका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले २१ दिन(२०८२-०८-१५) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहीत तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी ताराखोला गाउँपालिका, कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र. स. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | बजेट रु हजारमा | कैफीयत |
|---|---|---|---|---|
| १. | मौरी तथा तेलहन बाली प्रवर्द्दन कार्यक्रम | ७५% | १५० | • मौरी पालनका लागि आवश्यक उपकरणहरु जस्तै मौरीको घार, धूवाँदानी, मह छाने जाली, क्विन गेट, क्विन केज, फिडर आदि |
| २. | तरकारी उत्पादनका प्रवर्द्दनका लागि बिउ तथा मलचिङ्ग प्लाष्टिक सहायता | ७५% | ११० | • तरकारी उपादनमा संलग्न कृषकका लागि उन्नत विउ, कृषि सामग्री सहयोग |
| ३. | यान्त्रीकरण कार्यक्रम | ५०% | २०० | • उत्पादन, प्रशोधन र बजारीकरणमा उपयोग हुने साना कृषि औजार जस्तै मिनी टिलर, कुट्ने पिस्ने मिल, स्प्रेयर आदि |
| ४. | स्याउ, अलैंची, बोधिचित्त नर्सरी स्थापना बेर्ना वितरण कार्यक्रम | अधिकतम ८५% | ५०० | • अलैंचिको विरुवा वितरण तथा नर्सरी स्थापना, बोधीचित्तको विरुवा<br>• उच्च घनत्तव स्याउको विरुवा वितरण |
| ५. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण | ५०-१००% | २०० | • कृषि समाग्री/औजार/उपकरण सहयोग जस्तै किविको लागि पोल, सिकेचर, करौंती, रोग किरा व्यवस्थापनका लागि बोर्डो मिश्रण, Hail Net आदि<br>• किवि पोलको लागि कृषकले कम्तिमा ६ बोट किविको विरुवा लगाएको हुनुपर्ने |

# तारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ
## २०७३

प.सं.:०८२।०८३ गण्डकी प्रदेश, नेपाल

आवश्यक कागजातहरु:

१. निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्र।
३. जग्गा धनीको लालपूर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए कम्तिमा ५ वर्ष जग्गा करारनामा सम्झौताको प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारीस।
५. कृषि फर्म,समुह, वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि,नविकरणको प्रतिलिपि,गत आ.व को कर चुक्ताको प्रतिलिपि,स्थायी लेखा नम्बरको प्रमाणपत्र,अघिल्लो दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आह्वान गरिएकोमा कुनै कार्यलयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणा पत्र,समुह/सहकारीको बैठक निर्णयको प्रतिलिपि)।
६. व्यक्तिगत निवेदनको हकमा मौरी तथा तेलहन बाली प्रवर्द्दन कार्यक्रम; स्याउ, अलैंची, बोधिचित्त नर्सरी स्थापना बेर्ना वितरण कार्यक्रम र फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रममा मात्र आवेदन पेश गर्न सकिनेछ।

**पुनश्चः माथी उल्लेखीत कार्यक्रमहरु तारखोला गाउँपालिकाको कृषि तथा पशु सेवा संचालन निर्देशिका-२०८१मा भएको व्यवस्था अनुसार संचालन हुनेछ। साथै उल्लेखीत मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेको आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन।**

थप जानकारीको लागि(सम्पर्क नं. ९८६१४८२३५६)